# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन ८ गते २०३० साल

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालय
### नापी विभागको
### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नापी विभाग टोपोग्राफिकल नापी ब्रान्च समेतको भवन बनाउनको लागि वाग्मती अञ्चल काठमाडौं जिल्ला भीमसेनगोला पञ्चायत वार्ड नं. ५ (क) मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व ऐ. पञ्चायतको वार्ड नं. ४ (क) को सिमाना, पश्चिम मीनभवन, उत्तर अरनिको राजमार्ग र दक्षिण ऐ. पञ्चायत कै वार्ड नं. ४ (क) को सिमाना यति चार किल्लाभित्रको कि. नं. २७३ बाट ०–१–१ कि. नं. २७४ बाट ०–३–२ कि. नं. २७५ बाट ०–८–२ कि. नं. २७६ को ०–५–२ पूरैको जम्मा मालपोत रू. २।७५ (दुईरूपैयाँ पचहत्तर पैसा) लाग्ने जम्मा जग्गा रोपनी १–०–०–२ (एक रोपनी दुईदाम) को कित्ता ।

आज्ञाले–
श्री वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

392